आज मिति २०८० साल असोज महिना २९ गते सोमबार अप्रान्ह ३:३० बजे यस दिब्यश्वरी हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठक सञ्चालक समितिका अध्यक्ष श्री दधिराम निरौलाज्यूको अध्यक्षतामा कम्पनीको रजिष्टर कार्यालयमा बस्यो र यस बैठकमा निम्न विषयहरुमा छलफल भई निर्णय भयो ।

## उपस्थिती

१. श्री दधिराम निरौला - अध्यक्ष
२. श्री बुद्ध कृण्ण मानन्धर - सञ्चालक
३. श्री खड्ग बहादुर राउत - सञ्चालक
४. श्री मन्दिप खनाल - सञ्चालक
५. श्री सुनिल कुमार बस्नेत - सञ्चालक

## छलफलका विषयहरु

१. कम्पनीको अधिकृत पुँजी बृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको जारी पुँजी बृद्धि गर्ने सम्बधमा ।
३. नियमावली संशोधन/थप गर्ने सम्बन्धमा ।
४. हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा ।
५. हकप्रद शेयर निश्कासन बाट प्राप्त हुने पुँजी सम्बन्धमा ।
६. विविध ।

## निर्णयहरु

१. प्रस्ताव नं. १ उपर छलफल हुँदा यस कम्पनीको अधिकृत पुँजी बृद्धि गरी रु. ७९,२०,००,०००/- (अक्षरुपी उनान असी करोड बिस लाख मात्र) पुऱ्याउने गरि प्रबन्ध पत्रको दफा ६(ख) संसोधन गर्ने निर्णय गरियो र स्वीकृतीका लागी तिन महले सहितको प्रस्ताब आगामी साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं.२ उपर छलफल हुँदा यस कम्पनीको जारी पुँजी बृद्धि गरी रु. ७९,२०,००,०००/- ( अक्षरुपी उनान असी करोड बिस लाख मात्र) पुऱ्याउने गरि प्रबन्ध पत्रको दफा ६(ख) संसोधन गर्ने निर्णय गरियो र स्वीकृतीका लागी तिन महले सहितको प्रस्ताब आगामी साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल हुँदा यस कम्पनीको हालकायम रहेको नियमावलिमा हकप्रद शेयर तथा शेयरको Right Renounce (हक हस्तान्तरण) सम्बन्धि ब्यबस्था नरहेकोले सो ब्यबस्था कायम गर्नको लागी यस  संस्थाको नियमावलीका सम्बन्धित नियममा संशोधन/थप गर्ने निर्णय गरियो साथै स्वीकृतीका लागी प्रस्ताब आगामी साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल हुँदा यस कम्पनीमा हाल कायम रहेको चुक्ता पुँजीको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने भनि मिति २०८० असार १० गते निर्णय गरि बिभिन्न निकायमा जानकारी गराईएकोमा त्यसलाई रद्द गरि आजको बोर्ड बैठक बाट  १:२ को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने निर्णय गरियो । यसका लागी विद्युत नियमन आयोग बाट सहमती लिई स्वीकृतीका लागी आगामी साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल हुँदा हकप्रद शेयर निश्कासन बाट प्राप्त हुने पुँजी मध्ये पाँच खपन हाइड्रोपावर प्रा. लि. मा ५१% लगानी गर्ने तथा बाँकि सबै रकम बैकहरुबाट लिएको दिर्घ कालिन कर्जाको भुक्तानी गर्ने निर्णय गरियो ।

६. आजलाई छलफलका अन्य विषयहरु केही नभएकोले यो बैठक यही विर्सजन गर्ने निर्णय भयो ।

PAN No.: 302580062 Regd. No.: 106951/063/064

DIBYASHWARI HYDROPOWER LTD. ESTD. 2007

# Dibyashwari Hydropower Limited
# दिब्यश्वरी हाईड्रोपावर लिमिटेड

चलान नं.:-२०८०/०८१-०३६

DIBYASHWARI HYDROPOWER LTD. ESTD. 2007

मिति:२०८०/०६/२९

श्री नेपाल धितो पत्र बार्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

श्री विद्युत नियमन आयोग
सानो गौचरण, काठमाण्डौं ।

**बिषय : जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८० साल असोज महिना २९ गते सोमबार अप्रान्ह ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम बैक ऋण भुत्तानी गर्नका लागी हाल कायम रहेको चुक्ता पुँजीको १ बराबर २ को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने तथा विद्युत नियमन आयोग बाट सहमती लिई स्वीकृतीका लागी आगामी साधारण सभामा पेश गर्ने निणय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

........................

दधिराम निरौला
अध्यक्ष

बोधार्थ:

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौं ।

1141, Surya Bikram Gyawali Marg, Old Baneshwor-34, Kathmandu, Nepal, Website: www.dibyashwarihydro.com